मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २६ गते मंगलबार ❑ 9 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## बसपार्क क्षेत्रका अस्थायी घरटहरा तथा व्यवसायीक सटरहरू खाली गरिदै

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

पोखरा बसपार्क क्षेत्रका अस्थायी घरटहरा तथा व्यवसायिक सटरहरू खाली गराउन सुरु भई सकेको छ । पोखरा महानगरपालिकाले यही जेठ २८ सम्म सार्वजनिक जग्गामा बनेका संरचना हटाउन आग्रह गरेसंगै पोखराबस पार्क क्षेत्रमा रहेका केही व्यवसायी तथा केही सुकुम्बासीले यसरी आफै घर टहराका सामान सारी खाली गराएका हुन् ।



पोखरा महानगरपालिकाले बसपार्क निर्माणको प्रक्रिया अगाडि बढाउँदै सार्वजनिक जग्गामा निर्माण गरिएका अस्थायी घरटहरा तथा व्यवसायिक सटरहरू जेठ २८ गतेभित्र हटाउन सम्बन्धित पक्षलाई आग्रह गरेको हो । महानगरले जारी गरेको सूचनाअनुसार सार्वजनिक जग्गामा निर्माण भएका संरचना स्वेच्छाले हटाउन अनुरोध गरिएको छ भने तोकिएको समयभित्र संरचना नहटाइए कानुनी प्रक्रिया अनुसार हटाइने महानगरले चेतावनी दिएको छ । पोखरामा व्यबस्थित बसपार्क बनाउनु पर्ने महानगरको उक्त योजनालाई साथ दिन विगत ११ बर्षदेखि व्यवसाय संचालन गर्दै आएका राजकुमार क्षेत्रीले हिजो नै आफ्नो सटर खाली गराएको बताउनु भयो । महानगरले भत्काउनु भन्दा आफुहरु पहिले नै सटरका सामान सारीकन खाली गराइएको उहाँले जनाउनु भयो । अन्य धेरै व्यवसायी र सुकुम्बासीहरु वोल्न चाहानु भएन तर यहाँहरुले वास्तविक सुकुम्बासी, भिमुहिन, अव्यबस्थित बसोबासी र केही व्यवसायीहरुलाई राज्यले उचित व्यवस्थापन गर्नुपर्ने माग गर्नु भएको छ ।

यसैबीच बसपार्क क्षेत्रमा बसोबास गरिरहेका भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापनका लागि महानगरले विभिन्न समिति गठन गरी अध्ययन तथा आवश्यक प्रक्रिया अघि बढाएको जनाएको छ । महानगरका अनुसार वडा नं. ९ स्थित बसपार्क क्षेत्रमा बसोबासरत परिवारहरूको व्यवस्थापनका लागि यसअघि गठित जग्गा व्यवस्थापन (खोजी) समितिले सिफारिस गरेका जग्गामध्ये उपयुक्त ठहरिएका स्थानमा प्राविधिक अध्ययन गर्न छुट्टै समिति गठन गरिएको छ ।

वरिष्ठ इन्जिनियर सुरेन्द्र पौडेलको संयोजकत्वमा गठित समितिमा आर्किटेक्चर इन्जिनियर सिद्धार्थ पाण्डे, अमिन प्रदीप सुवेदी, अमिन सन्देश सापकोटा तथा प्रशासनिक अधिकृत टिकाराम बजगाईं सदस्य सचिव रहेका छन् । समितिलाई सिफारिस गरिएका जग्गाको नापजाँच, कित्ता मिलान, खुला क्षेत्र, विद्यालय तथा अन्य पूर्वाधारका लागि आवश्यक क्षेत्र निर्धारण गर्ने, व्यवस्थापन गर्न सकिने कुल क्षेत्रफल यकिन गर्ने तथा कति परिवारलाई व्यवस्थित रूपमा बसोबास गराउन सकिन्छ भन्ने विषयमा स्थलगत अध्ययन गरी सात दिनभित्र प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको छ ।

महानगरका अनुसार बसपार्क निर्माणसँगै प्रभावित परिवार हरूको व्यवस्थापनका लागि तीन वटा समिति गठन गरी काम भइरहेको छ। सार्वजनिक बिदाका कारण समितिहरूले जेठ २८ गतेसम्म काम गर्ने समय पाएका छन् । यसअघि वडा नं. १७ की वडाध्यक्ष राधिका कुमारी शाही योगीको संयोजकत्वमा गठित जग्गा व्यवस्थापन (खोजी) समितिले आफ्नो प्रतिवेदन नगर प्रमुख धनराज आचार्यसमक्ष बुझाइसकेको छ भने सिफारिस भएका जग्गाबारे थप अध्ययन भइरहेको महानगरले जनाएको छ । सबैबाट आएका प्रतिवेदनका आधारमा पोखराको बसपार्क क्षेत्रलाई व्यबस्थापन गर्ने योजना रहेको मेयर आचार्यले जनाउनु भयो। त्यसैगरी वास्तविक सुकुम्बासीको पहिचानका लागि गठन गरिएको समितिले समेत काम गरिरहेको मेयर आचार्यले बताउनु भयो । पूर्व न्यायाधीश शङ्करराज बरालको संयोजकत्वमा गठित अध्ययन तथा छानबिन समितिले बसपार्क क्षेत्रको १८७ रोपनी जग्गाको सट्टापट्टा, बिक्री वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियासम्बन्धी गुनासा र उजुरीमाथि छानबिन गरिरहेको छ । उक्त समितिलाई आषाढ ४ गतेसम्म प्रतिवेदन बुझाउने समय दिइएको छ ।

यता बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बासिन्दाहरूले भने वैकल्पिक व्यवस्थाबिना आफूहरूलाई हटाउन खोजिए थप आन्दोलन गर्ने चेतानी दिनु भएको छ । भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार संघर्ष समिति कास्कीको नेतृत्वमा केही साता अघि पोखरामा प्रदर्शन भएको थियो । समितिका अध्यक्ष प्रेमबहादुर गुरुङले वैकल्पिक बसोबासको सुनिश्चितता नगरी जबर्जस्ती हटाउन खोजिए सशक्त प्रतिकार गर्ने चेतावनी दिदै आउनु भएको छ ।

महानगर प्रमुख धनराज आचार्यले भने सुकुम्बासी समस्यालाई जिम्मेवार ढंगले समाधान गरिने बताउदै आउनु भएको छ । समितिहरूबाट प्राप्त हुने प्रतिवेदन, अध्ययन, तथ्य र कानुनी प्रक्रियाका आधारमा आवश्यक निर्णय तथा थप प्रक्रिया अघि बढाउने योजना रहेको उहाँले जनाउनु भयो । बसपार्क क्षेत्रमा हाल करिब ४७५ घरधुरी भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेको बताइएको छ ।

महानगरले सार्वजनिक जग्गाको संरक्षण र बसपार्क निर्माणलाई अघि बढाउने नीति लिएको छ भने प्रभावित परिवारहरूले सम्मानजनक पुनर्स्थापना र वैकल्पिक बसोबासको सुनिश्चितता माग गर्दै आएका छन् । पोखरा उपत्यका नगर विकास समितिले २०३२ सालमा पोखरा बस पार्क बनाउने उद्धेश्यका साथ २ सय ५ रोपनी जग्गा अधिग्रहण गरेको थियो । बसपार्क बनाउने हाल खाली जग्गा करिब १९ रोपनी मात्र खाली रहेको बताइन्छ । पृथ्वी राजमार्ग अर्न्तगत सडक खण्डले पोखरा बसपार्कको करिब १८ रोपनी जग्गा प्रयोग भएको छ । स्थतानियलदे १ सय ८७ रोपनी क्षेत्रफलमा बसपार्क बनाउन माग गर्नु भएको छ ।

## गण्डकी अस्पतालमा पनि सुरु भयो निजामती स्वास्थ्य सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

निजामती कर्मचारीले अब प्रदेशस्तरबाटै निजामती कर्मचारी अस्पताल (सिभिल अस्पताल, काठमाडौँ) को स्वास्थ्य उपचार सुविधा पाउने भएका छन् ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारी अस्पतालको सेवा प्रदेशस्तरसम्म विस्तार गर्ने नीतिअनुसार प्रदेश अस्पतालबाटै कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन लागेको हो ।

मन्त्रालयका अनुसार निजामती कर्मचारी, अवकाशप्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले प्रदेश अस्पतालसँग सम्झौता सुरु भएको छ । यसैक्रममा सोमबार गण्डकी अस्पताल, पोखरासँग सम्झौता भएको छ। सम्झौतासँगै गण्डकी प्रदेशका निजामती कर्मचारी, अवकाश प्राप्त कर्मचारी तथा आश्रित परिवारले निजामती कर्मचारी अस्पतालले उपलब्ध गराउँदै आएको छुट तथा सहुलियतसहितको स्वास्थ्य सेवा पाउने भएका छन् । सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाश प्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पतालबाट जारी भएको आधिकारिक परिचयपत्र साथमा हुनुपर्नेछ ।
मधेस प्रदेशका लागि नारायणी अस्पताल, वीरगञ्ज (पर्सा) र बागमती प्रदेशका लागि भरतपुर अस्पताल, चितवनसँग यसअघि सम्झौता भइसकेको छ । उक्त दुवै अस्पतालबाट आजदेखि निजामती कर्मचारी स्वास्थ्य सेवा सञ्चालनमा आइसकेको मन्त्रालयले जनाएको छ । मधेस, बागमती र गण्डकी प्रदेशपछि अन्य प्रदेशमा सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय गरी सेवा प्रदायक अस्पतालहरूको सूचीकरण भइसकेको छ । आवश्यक तयारी पूरा भएपछि सबै प्रदेशबाट निजामती कर्मचारी अस्पतालले उपलब्ध गराउँदै आएको छुट, सहुलियतसहितको स्वास्थ्य उपचार सेवा प्रदान गरिने मन्त्रालयले जनाएको छ ।

य स ै ब ी च , काठमाडौँ उपत्यकाबाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाश प्राप्त कर्मचारी र आश्रित परिवारको सहजताका लागि प्रदेशमा स्वास्थ्य सेवा पुऱ्याउन लागिएको सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले बताउनुभयो ।

## पोखरामा बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई नरोक्ने बस चालकमाथि कारबाही

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

पोखरामा बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई नरोक्ने सार्वजनिक बस चालकमाथि कारबाही भएको छ।

पोखरा महानगरपालिका-३२, लेखनाथ क्षेत्रमा एक जना बौद्धिक अपाङ्गता भएका व्यक्तिले सार्वजनिक बस रोक्न संकेत गर्दा चालकले बस नरोकि अघि बढेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रहरीले घटनाको अनुसन्धान गरी उक्त बस चालक माथि कार्वाही गरेको कास्की प्रहरीले जनाएको छ।

घटनापछि जिल्ला प्रहरी कार्यालय कास्कीले बसको खोजी तथा आवश्यक कारबाहीका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीलाई निर्देशन दिएको दिएसंगै अनुसन्धानका क्रममा ग २ ख २२५५ नम्बरको सार्वजनिक बस पहिचान गरी नियन्त्रणमा लिई आवश्यक जरिवाना सहितको कार्वाही गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताउनु भयो । साथै भविष्यमा फरक क्षमता भएका व्यक्ति, बौद्धिक अपाङ्गता भएका नागरिक तथा ज्येष्ठ नागरिकलाई विशेष प्राथमिकता दिने प्रतिबद्धता गराई सम्झाइबुझाइपछि बस चालकलाई छाडिएको प्रहरीले जनाएको छ।

प्रहरीले सार्वजनिक यातायात सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नुपर्ने दायित्व रहेको उल्लेख गर्दै अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकप्रति संवेदनशील व्यवहार गर्न सम्पूर्ण यातायात व्यवसायी र चालकलाई आग्रह गरेको छ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।
◆ जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
◆ राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
◆ कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने कार्य नगरौं,
◆ जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
◆ शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
◆ प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौ,
◆ जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौ,
पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## दमौली बजारका अवैध संरचना हटाउन आग्रह

**पोखरापत्र संवाददाता**
दमौली, २५ जेठ

व्यास नगरपालिकाले दमौली बजार क्षेत्रमा सडक अधिकार क्षेत्र तथा सडक पेटी अवरुद्ध हुने गरी निर्माण गरिएका पक्की संरचना, वरन्डा तथा टिनका संरचनाहरू ३५ दिनभित्र हटाउन सम्बन्धित घरधनी तथा सरोकारवालालाई आग्रह गरेको छ ।

नगरपालिकाले सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण सबै नगरवासीको दायित्व भएको उल्लेख गर्दै नगर क्षेत्रको केन्द्र दमौली बजारमा सडक अतिक्रमण गरी बनाइएका संरचनाका कारण आवागमन तथा सार्वजनिक उपयोगमा समस्या उत्पन्न भएको जनाएको छ ।

व्यास नगर कार्यपालिकाको गत जेठ २२ गते बसेको २३८औं बैठकले यस्ता संरचना हटाउने निर्णय गरेपछि आज ३५ दिने सार्वजनिक सूचना जारी गरिएको हो ।

सूचनाअनुसार सम्बन्धित घरधनीले तोकिएको अवधिभित्र आफ्नै पहलमा संरचना हटाउनुपर्नेछ। निर्धारित समयभित्र संरचना नहटाएमा प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पूरा गरी व्यास नगरपालिकाले आफैं हटाउने जनाएको छ ।

न ग र पा लि का का इञ्जिनियर अमृत केसीद्वारा जारी सूचनामा सार्वजनिक हित र सडक व्यवस्थापनलाई प्रभावकारी बनाउन सबैको सहयोगको अपेक्षा गरिएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी प्रदेश विद्यालय क्रिकेट उपाधि नवलपुरको भीमसेन आदर्शले जित्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

नेपाली क्रिकेटमा नयाँ पुस्ताकाप्रतिभाखोज्नेलक्ष्यसहित पोखरामा सञ्चालन भएको गण्डकी प्रदेश राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपको उपाधि नवलपुरको भीमसेन आदर्श माध्यमिक विद्यालयले जितेको छ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सोमबार सम्पन्न फाइनल खेलमा स्याङ्जाको भगवती माध्यमिक विद्यालयलाई ६८ रनले पराजित गर्दै भीमसेन च्याम्पियन बन्न सफल भयो।

खेलमा टस जितेर पहिले ब्याटिङ रोजेको भीमसेनले निर्धारित २० ओभरमा चार विकेट गुमाएर १६४ रन बनाएको थियो। टोलीका लागि पंकज यादवले उत्कृष्ट प्रदर्शन गर्दै ४८ बलमा पाँच चौका र चार छक्काको मद्दतले ६७ रन बनाए। उनले 'प्लेयर अफ द म्याच' को उपाधिसमेत जिते। शैलेश काफ्ले अविजित ३० रन तथा सुशील भुसालले २० रनको योगदान दिए।

भगवती माध्यमिक विद्यालयका लागि स्वपनिल भट्टराईले चार ओभरमा २५ रन खर्चेर दुई विकेट लिए भने आयुष पाण्डेले एक विकेट हात पारे। जितका लागि १६५ रनको लक्ष्य पछ्याएको भगवती १९ ओभरमा सबै विकेट गुमाएर मात्र ९६ रन बनाउन सक्यो। भुवन डुम्रेले सर्वाधिक ४९ रन बनाए।

भीमसेन आदर्शका बलरहरू खेलमा प्रभावशाली देखिए र जितका लागि महत्वपूर्ण योगदान दिए।

आयान भुर्तेलले चार विकेट लिए भने सुशील भुसाल र शैलेश काफ्ले समान दुई/दुई विकेट लिए। यस्तै रिदम रिजालले एक विकेट हात पारे। च्याम्पियन नवलपुरको भीमसेन आदर्श माध्यमिक विद्यालय राष्ट्रिय प्रतियोगिताका लागि छनोट समेत भएको छ।

विजयी टिम तथा खेलाडीहरुलाई आयोजक प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देललगायतले ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गर्नुभयो। यही जेठ २२ गतेबाट सुरु भएको प्रतियोगिताले विद्यालय तहबाटै क्रिकेटको जग बलियो बनाउने, ग्रामीण तथा जिल्लास्तरमा लुकेका प्रतिभालाई राष्ट्रिय मञ्चसम्म पुऱ्याउने र भविष्यका राष्ट्रिय खेलाडीउत्पादनमासहयोगपुगेको आयोजक संस्थाका अध्यक्ष सिग्देलले बताउनुभयो।

प्रतियोगितामा गण्डकी प्रदेशका कास्की, नवलपुर, स्याङ्जा र पर्वत जिल्लाका उत्कृष्ट विद्यालय टोलीको सहभागिता थियो। जिल्लास्तरीय छनोट प्रतियोगिताकोविजेताविद्यालयहरु प्रदेशस्तरीय प्रतियोगितामा सहभागी भएका थिए।

प्रतियोगितामा कास्कीबाट डायमण्ड सेकेन्डरी स्कूल, नवलपुरबाट भीमसेन आदर्श माध्यमिक विद्यालय, स्याङ्जाबाट भगवती माध्यमिक विद्यालय तथा पर्वतबाट मङ्गलोदय माध्यमिक विद्यालयले प्रतिस्पर्धा गरेका थिए।

# फेवातालका डुंगा चालक र यात्रुहरुको बिमा गरियो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ



पोखराको फेवा डुंगा व्यवसायी संगठनले फेवातालमा सञ्चालन हुने डुंगा चालक तथा यात्रुका लागि दुर्घटना बिमा व्यवस्था लागू गरेको छ।

संगठनले आगामी एक वर्षका लागि शिखर इन्स्योरेन्स कम्पनीसंग बिमा सम्झौता गरेको हो। सम्झौताअनुसार फेवातालमा डुंगा दुर्घटनामा परी घाइते हुने चालक वा यात्रुले उपचार खर्चबापत अधिकतम १ लाख रुपैयाँ प्राप्त गर्नेछन् भने दुर्घटनाबाट मृत्यु भएमा परिवारलाई ५ लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराइनेछ। संगठनमा दर्ता भई सञ्चालनमा रहेका सबै डुंगामा यो व्यवस्था लागू हुने भएको फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीले बताउनु भयो। फेवातालमा विगतदेखि विभिन्न प्रकारका दुर्घटना हुँदै आएको अवस्थामा बिमाले चालक र यात्रु दुवैलाई थप राहत हुने विश्वास गरिएको छ। हाल फेवातालका ८ वटा डुंगा स्टेशनबाट ८ सय ४६ वटा डुंगा सञ्चालनमा छन् भने करिब ३ सय ५० जना चालक यस पेशामा आबद्ध छन्। यसैबीच, अध्यक्ष गिरीले पछिल्लो समय फेवातालमा अनियन्त्रित रूपमा सञ्चालन भइरहेका कायकिङ र सर्फिङ गतिविधिले डुंगा सयरमा चुनौती थपिएको बताउनुभयो। पर्याप्त नियमनको अभावमा जल पर्यटनसम्बन्धी गतिविधि तालको बीच भागसम्म फैलिँदा दुर्घटनाको जोखिम बढेको उहाँको भनाइ छ। स्थानीयवासीले पनि साहसिक खेलले पर्यटन प्रवर्द्धन गरे तापनि सुरक्षामा थप ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन्। सुरक्षालाई प्राथमिकता दिँदै संगठनसँग हाल करिब २ हजार वटा लाइफ ज्याकेट उपलब्ध छन्। डुंगा सयर गर्ने सबै यात्रुले अनिवार्य रूपमा लाइफ ज्याकेट लगाउनुपर्ने नियम लागू गरिएको छ। फेवातालमा सामान्य डुंगाको भाडा प्रतिघण्टा ९ सय रुपैयाँ तोकिएको छ भने १६ सिट क्षमताको प्याडल बोट (छाते डुंगा) को शुल्क प्रतिघण्टा १ हजार ६ सय रुपैयाँ रहेको छ। त्यसैगरी बाराहीघाटदेखि खपौदीसम्म दर्शनका लागि जाने पर्यटक तथा दर्शनार्थीबाट प्रतिव्यक्ति १ सय रुपैयाँ शुल्क लिइन्छ। फेवातालको फिष्टेल गेटदेखि पखौदीसम्मका ४२ स्थानमा कायकिङ तथा सर्फिङ सञ्चालन भइरहेका छन्। पर्यटनसँगै सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवालाले नियमन र मापदण्ड कार्यान्वयनमा जोड दिएका छन्।

# रास्वपा जिल्ला अधिवेशन : छपन्न जिल्लामा सम्पन्न, १२ जिल्ला निर्वाचनको चरणमा

**रासस**
काठमाडौं, २५ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ५६ जिल्लामा अधिवेशन सम्पन्न गरेको छ। बाह्र जिल्लामा निर्वाचन प्रक्रिया चलिरहेको छ।

रास्वपाले शनिबार र आइतबार दुई चरणमा जिल्ला अधिवेशन तोकेको थियो। शनिबार ३८ जिल्लामा अधिवेशन सम्पन्न भएका थिए भने आइतबार २८ जिल्लामा अधिवेशन सुरु भएको थियो। आइतबार अधिवेशन सुरु भएका अधिकांश जिल्लामा नयाँ कार्यसमिति चयन भइसकेका छन्।

रास्वापका प्रवक्ता मनिष झाका अनुसार कोशीका झापा, मोरङ, तेह्रथुम, ताप्लेजुङ, भोजपुर, सङ्खुवासभा, पाँचथर, ओखलढुङ्गा, सुनसरी, सोलुखुम्बु, खोटाङ, इलाम र धनकुटामा अधिवेशन सम्पन्न भइसकेका छन्। उदयपुरमा निर्वाचनको तयारी भइरहेको छ।

मधेसका महोत्तरी, रौतहट, सिरहा, पर्सा र सर्लाहीमा अधिवेशनपश्चात् निर्वाचनको प्रक्रिया अघि बढेको छ। सप्तरी र बारामा आज तथा धनुषामा मङ्गलबार अधिवेशन हुने सो पार्टीले जनाएको छ। बागमती प्रदेशका दोलखा, काठमाडौँ, भक्तपुर, नुवाकोट, मकवानपुर, काभ्रेपलाञ्चोक, रसुवा, सिन्धुली, धादिङ, रामेछाप, चितवन र ललितपुरको अधिवेशन पनि सम्पन्न भइसकेको छ। सिन्धुपाल्चोकमा भने अधिवेशन स्थगित भएको छ। गण्डकीका स्याङ्जा, कास्की, पर्वत, लमजुङ, म्याग्दी, तनहुँ र गोरखामा अधिवेशन सम्पन्न भइसकेका छन् भने बागलुङमा जिल्ला कार्यसमितिमा सहमति भए भनिएपछि उजुरी परेपछि हाललाई रोखिएको छ। नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) मा निर्वाचन प्रक्रिया चलिरहेको प्रवक्ता झाले जानकारी दिनुभयो।

लुम्बिनीका गुल्मी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, कपिलवस्तु, दाङ, प्यूठान, बाँके, बर्दिया, रोल्पा, अर्घाखाँची र रुपन्देहीमा अधिवेशन सम्पन्न भइसकेका छन्। कर्णालीका कालीकोट, सल्यान, रुकुम पश्चिम, मुगु र जुम्लामा अधिवेशन सकिएको छ भने सुर्खेत, जाजरकोट र दैलेखमा निर्वाचन हुँदैछ। सुदूरपश्चिमका बैतडी, बझाङ, दार्चुला, अछाम, डडेल्धुरा, कैलाली र कञ्चनपुरमा अधिवेशन सम्पन्न भएको तथा डोटी र बाजुरामा निर्वाचन प्रक्रिया बाँकी रहेको प्रवक्ता झाले जानकारी दिनुभयो।

रास्वपाले यही जेठ २६ गतेदेखि प्रदेश अधिवेशन गर्दैछ। मङ्गलबार बागमती प्रदेशको अधिवेशन हुँदैछ। पार्टीका तल्ला कमिटीको अविधेशन सम्पन्न गरेर रास्वपा आगामी असार ७ देखि ९ गतेसम्म प्रथम राष्ट्रिय महाधिवेशनमा होमिँदैछ। रास्वपाको पहिलो महाधिवेशन चितवनमा आयोजना गरिएको छ। रास्वपाले यसअघि चार हजार २५० वडा तथा ५१६ पालिकामा अधिवेशन सम्पन्न गरिसकेको छ।

# रास्वपा लमजुङको अध्यक्षमा पुनः सापकोटा

**पोखरापत्र संवाददाता**
लमजुङ, २५ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लमजुङको अध्यक्षमा पुनः अशोक सापकोटा निर्वाचित हुनुभएको छ।

आइतबार भएको निर्वाचनमा पाँच जना उम्मेदवारबीच प्रतिस्पर्धा भएकामा कसैले पनि ५० प्रतिशत मत कटाउन नसकेपछि सबैभन्दा बढी मत प्राप्त गर्ने सापकोटा र भोलानाथ शर्माबीच प्रतिस्पर्धा गराइएको थियो। निर्वाचन प्रमुख अनिशा अधिकारीका अनुसार दुई उम्मेदवारमध्ये शर्माले उम्मेदवारी झिकेपछि आज सापकोटा पुनः निर्वाचित हुनुभएको हो। निर्वाचन समितिका अनुसार उपसभापतिमा सन्तोषी गौली, सचिवमा मीना खड्का र सहसचिवमा गोविन्दबहादुर घलेले ६६ निर्वाचित हुनुभएको छ। सदस्यमा सविता अधिकारी बराल, सुरेन्द्रलाल श्रेष्ठ, सिंहबहादुर घले र श्याम गुरुङ निर्वाचित हुनुभएको छ।

# रास्वपा गोरखामा क्षेत्री विजयी

**पोखरापत्र संवाददाता**
गोरखा, २५ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गोरखा जिल्ला समितिको सभापतिमा सुवर्ण रोकाहा क्षेत्री विजयी हुनुभएको छ। सदरमुकाममा आइतबार सम्पन्न पार्टीको पहिलो अधिवेशनबाट निर्वाचनमार्फत क्षेत्री सभापतिमा विजयी हुनुभएको हो।

पार्टीका गोरखा नगरपार्टी सभापति शिशिर प्रधानका अनुसार अधिवेशनबाट जिल्ला पार्टी उपसभापतिमा सुकबहादुर तामाङ, सचिवमा मिलन लामा र सहसचिवमा योगेन्द्रजङ्ग बस्नेत १५० विजयी हुनुभएको छ।

# प्रमको सीमासम्बन्धी अभिव्यक्ति स्पष्ट पार्न माग

**रासस**
काठमाडौं, २५ जेठ

प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरुले प्रधानमन्त्री वालेन्द्र शाहले यही जेठ १९ गते सम्बोधनकै क्रममा दिनुभएको अभिव्यक्तिप्रति असहमति जनाउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा विपक्षी दलका सांसदहरुले आसनबाट उभिएर विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले उहाँहरुलाई बोल्न समय दिनुभएको थियो। सांसदहरुले सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाइनुपर्ने मागसमेत बैठकमा राख्नुभएको छ। बैठक निर्धारित समयभन्दा दुई घण्टा ढिला सुरु भएको थियो। बैठकमा सांसद पद्माकुमारी अर्यालले प्रधानमन्त्री शाहको सीमासम्बन्धी उक्त अभिव्यक्ति अभिलेखबाट हटाउन माग गर्नुभयो। विसं२०७७मालिपुलेक,लिम्पियाधुरा, कालापानीलाई नेपालको नक्सामा राख्ने विषयमा राष्ट्रिय सहमति जुटेको उहाँले स्मरण गर्नुभयो। यसैगरी, बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित विपक्षी दलका सांसदहरु सन्तोष सुब्बा, हर्कराज साम्पाङ राई, वर्षमान पुन, ज्ञानेन्द्रबहादुर शाहीलगायतले करका दर फेरबदल गरिएको, भन्सारलाई मिलाएर चीनबाट गाडी आयातमा अनियमितता भएको विषय सञ्चारमाध्यमबाट सार्वजनिक भएको विषयप्रति छानबिन गरी दोषीलाई कारबाही गरिनुपर्नेमा जोड दिनुभयो।

# लाङ्क्यु खोलामा तटबन्ध निर्माण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २५ जेठ

थासाङ गाउँपालिका-२ स्थित कोवाङ–लार्जुङ लाङ्क्यु खोलामा आरसिसी तटबन्ध निर्माण अन्तिम चरणमा पुगेको छ। प्रत्येक वर्ष लार्जुङ बस्ती वर्खायाममा बाढीको जोखिम भएकाले गाउँपालिकाले लाङ्क्यु खोलामा आरसिसी तटबन्ध निर्माण गरेको हो।

सङ्घीय सशर्त अनुदानमा आरसिसी तटबन्ध निर्माण गरिएको हो। चालु आर्थिक वर्षको असार १५ गतेसम्म सम्पन्न हुने गरी रु एक करोड ३५ लाखमा मनि कन्ट्रक्सनले ठेक्का सम्झौता गरेको गाउँपालिकाले जनाएको छ। थासाङ गाउँपालिका-२ को कोवाङ र लार्जुङ गाउँबाट बग्ने लाङ्क्यु खोलामा आरसिसी तटबन्ध निर्माण भइरहेको गाउँपालिकाका इञ्जिनियर त्रिलोचन गिरीले जानकारी दिनुभयो। बेनी-जोमसोम सडकमार्गको पक्की पुलदेखि कोवाङ-लार्जुङ लाङ्क्यु खोला पुलसम्म दाँयाबाँया दुईतर्फी ३७८ मिटर तटबन्ध निर्माण भइरहेको उहाँको भनाइ छ। उहाँका अनुसार हालसम्म तटबन्धको ८० प्रतिशत काम सकिएको छ। गत वर्षको असार १६ गते थासाङको लाङ्क्यु खोलामा बाढी आउँदा लार्जुङ गाउँ जोखिममा परेको थियो। बाढी आएपछि लार्जुङका केही घरधुरीलाई स्थानान्तरण गरिएको थियो।


**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**INVITING BIDS FOR WATER PROOFING OF ROOF AT ECHS POLYCLNIC POKHARA**

1. Sealed tender documents/quotations are invited directly from reputed bidders for water proofing of roof at ECHS Polyclinic Pokhara (Nepal).
2. The last day of receipt of offer in sealed envelope is on or before 29 Jun 2026 at 1700 hrs. The notice is also available on website www.indembkath.gov.in and www.eprocure.gov.in The bid documents can be collected from Embassy of India, Pension paying Office, ECHS Polyclinic Pokhara (Nepal) Tele No 061-433232.
3. The bidder may visit the above site before submitting the bid.
4. Overall lowest bidder will be selected in case multiple vendors/firms quote the same rate/price quoted by the Bidder as per the Price Format

**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Phone: 061-433232**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# करका दरमाथि फेरबदल गर्नेलाई छुट नदेऊ

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले  जेठ १५ गते संसदको संयुक्त सदनमा आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्बको बजेट पेस गरे । बजेट वाचन गरेपछि बजेटको प्रमुख अङ्ग करका दरहरू रहेको आर्थिक विधेयक पनि संसदमा टेबल गरे । कतिपय करका दर बजेट भाषणपछि लागू भइसकेका छन् । तर, अर्थमन्त्रीले बजेट पेस गरेको केही समयपछि  फेरबदल भएका समाचार सार्वजनिक भएको छ । अर्थ मन्त्रालयले आर्थिक विधेयक एक पटक होइन, पटक-पटक सच्याएको भन्दै विपक्षी दलले विरोध गरेका छन् । बजेट भाषणपछि अर्थ मन्त्रालयले आर्थिक विधेयकमा गरेको 'मनपरी' संशोधनले गम्भीर संवैधानिक र प्रक्रियागत प्रश्नहरू उब्जाएको छ । संसदमा दर्ता भइसकेको आर्थिक विधेयकमा अर्थमन्त्री वाग्लेले प्रशासनिक तबरबाट संशोधन गराउन खोज्नुले कार्यपालिकाको नियन्त्रण र संसदको सार्वभौमसत्तामाथि नै प्रश्न खडा गरेको छ। अर्थमन्त्री वाग्लेको तर्फबाट आर्थिक विधेयकका करसम्बन्धी प्रावधानहरूमा 'सच्याउने' प्रस्तावसहितको पत्र जेठ १७ गते सचिवालय पुगेको थियो। तर, संसदमा औपचारिक रूपमा टेबल भइसकेको विधेयकमा यसरी सिधै संशोधन दर्ता गर्न मिल्दैन । विडम्बना  अर्थमन्त्री वाग्लेले सचिवालयका उच्च अधिकारीहरुलाई सच्याउन दबाब दिएका छन ।  अन्ततः जेठ २० गते संसदका महासचिव पद्मप्रसाद पाण्डेयले उक्त पत्र दर्ता गर्न निर्देशन दिएको भनी आलोचना भएको छ ।

संविधानतः सरकारले संसदमा संशोधन प्रस्ताव दर्ता गर्न सक्छ, तर त्यसका लागि विधेयकमाथि दफावार छलफल हुनुपर्छ र संसद वा संसदीय समितिबाट अनुमोदन गराउनुपर्छ । अर्थ मन्त्रालयले अपनाएको यो पछिल्लो शैली प्रक्रियागत रूपमा त्रुटिपूर्ण देखिन्छ। संसदले जुन विधेयकमाथि छलफल गर्ने हो, त्यही विधेयक नै अहिले संसदमा छ? कि प्रशासनिक च्यानलबाट अर्को संस्करणको विधेयक घुसाइएको हो? भनी प्रश्न उठेको छ । प्रक्रिया मिचेर विधेयकमा हेरफेर गरिएको हो भने यसले संसदको संवैधानिक अधिकारलाई नै ओझेलमा पारेको छ। टेक्नोक्र्याट र पारदर्शी, सुशासनका पक्षपातीका छवि बनाएका  अर्थविद् डा स्वर्णिम वाग्लेका लागि यो प्रकरण निकै महँगो पर्न सक्छ। बजेट प्रस्तुत गरिसकेपछि आर्थिक प्रावधानहरूमा हतार-हतार संशोधन गर्नुले उनको नैतिकता र कार्यदक्षता दुवैमा प्रश्न उठेको छ। यस प्रकरणमा के सुरुमै मस्यौदा गर्दा लापरबाही भएको थियो ? वा बजेट भाषणपछि कुनै निश्चित समूहको स्वार्थमा करका दर परिवर्तन गरिएका हुन् ?

यी प्रश्नहरूको जवाफ दिन नसक्दा वाग्लेको 'सुधारवादी' छविमाथि नै धक्का लाग्न सक्छ। यो विवादले सरकारको वैधतामाथि गम्भीर प्रश्न उठाएको छ । प्रतिनिधि सभामा करिब दुईतिहाइ रहेको तथा सभामुख पनि आफ्नै भएकाले सरकारले यस विषयलाई पेलेरै लैजाला । तर, यस प्रकरणबाट बजेटको पवित्रता र पारदर्शितामाथि प्रश्न उठाउँदै प्रतिपक्षले सरकारलाई रक्षात्मक अवस्थामा पुऱ्याएको छ । बजेट भाषणपछिको यस्तो 'मनपरी' संशोधनले निजी क्षेत्र र वैदेशिक लगानीकर्तामाझ सन्देश राम्रो गएको छैन । यदि करका दरहरू र भन्सार नीतिहरू प्रशासनिक तबरबाटै बदल्न मिल्छ भने भोलि कसले लगानीको सुरक्षा सुनिश्चित गर्छ ? यस्तो प्रवृत्तिले वित्तीय प्रणालीमाथिको विश्वास घटाउने खतरा रहन्छ। त्यसैले, यो विषय एउटा प्राविधिक गल्ती वा सुधार मात्र होइन । यो नेपालको बजेट निर्माण प्रक्रियामा कार्यपालिका कति शक्तिशाली छ र संसद कति निरीह छ भन्ने एउटा ठूलो उदाहरण हो। यदि यो अभ्यासलाई अहिले नै सच्याइएन भने भविष्यमा सरकारहरूले बजेटलाई आफ्नो अनुकूल 'खेलौना' बनाउने खतरा रहन्छ।

अहिलेको प्रश्न करको दर कति छ भन्ने होइन, बरु नेपालको वित्तीय नीति कसले नियन्त्रण गरिरहेको छ भन्ने होः पारदर्शी संसदीय प्रक्रियाले कि कार्यपालिकाको प्रशासनिक आदेशले ? संसद र नियामक निकायहरूले यसलाई कसरी लिन्छन्, त्यसले नै नेपालको लोकतान्त्रिक अभ्यासको भविष्य निर्धारण गर्नेछ। नेपालको संसदमा कुनै पनि विधेयक (विशेषगरी आर्थिक विधेयक वा बजेट) दर्ता भइसकेपछि त्यसमा गरिने संशोधन प्रक्रिया निकै औपचारिक र कानुनी विधिबाट चल्नुपर्छ। 'प्रतिनिधि सभा नियमावली, र स्थापित मान्यता भन्दा बाहिरबाट चल्न खोज्दा  नैतिकताको प्रश्न खडा भएको छ । सरकार र अर्थमन्त्रीलाई सधैं विवादमा पारेर स्वार्थ समूहले फाइदा लिने अवस्था आउन नदिन सिङ्गो संसद् ले प्रभावकारी भूमिका आवश्यक छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पकेट क्षेत्रमा आलुको उत्पादन घट्यो



पोखरापत्र संवाददाता
म्याग्दी, २५ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ मङ्गलेखानीकी बलदेवी छन्त्यालले गत वर्ष दुई मुरी आलु फलेको बारीमा यसपाली मुस्किलले एक मुरी आलु खन्नुभयो ।

"असिनाले हुर्कँदै गरेको अवस्थामा चुटेर आलुको बोटका सबै पात झारिदिएपछि लागेको दाना ठूला हुन र थप दाना फल लाग्नै नपाउँदा उत्पादन आधाले घटेको छ", उहाँले भन्नुभयो, "गत वर्ष ५० मुरी आलु फलाएको थियो । यसपाली आधा पनि उत्पादन होला जस्तै छैन ।" आलुखेतीको पकेट क्षेत्र मानिने रघुगङ्गा गाउँपालिकाको मङ्गलेखानी, चौरखानी, ग्यासीखर्क, पाल्लेखर्क, ढुवाडी, ढाँडका किसान असिनाले बोट नष्ट गरिदिएपछि चिन्तित भएका छन् । वैशाख र जेठमा परेको बाक्लो असिनाले आलुका बोटबिरुवा नष्ट गर्दा उत्पादनमा असर परेको किसान नरकुमारी किसानले बताउनुभयो। सत्ताइस परिवारको बसोबास रहेको मङ्गलेखानीका बासिन्दाको मुख्य आयस्रोत खालुखेती हो । माघमा रोपेको आलु जेठको अन्तिम सातादेखि खन्न सुरु भएको छ । समुन्द्री सतहदेखि दुई हजार ३०० मिटर उचाइमा रहेको मङ्गलेखानीको चिसो हावापानीमा रासायनिक मल र विषादीको प्रयोगबिना प्राङ्गारिक विधिबाट आलुखेती हुने गरेको किसान कृषक नरकुमारीले जानकारी दिनुभयो । गत वर्ष आलु बेचेर रु दुई लाखसम्म आम्दानी गरेका यहाँका किसान यस वर्ष उत्पादनसँगै आम्दानी पनि घट्नेमा चिन्तित छन् । स्वादिलो र सुक्खा हुने मङ्गलेको आलु बेनी, पोखरा र काठमाडौँका बजारमा खपत हुन्छ।

पाल्लेखर्कमा पनि असिनाले गर्दा आलु उत्पादनमा गिरावट आएको रघुगङ्गा-८ की वडा सदस्य प्रिती पुनले बताउनुभयो । "यहाँका एक जना किसानले वार्षिक १५० मुरीसम्म आलु फलाउँछन्", उहाँले भन्नुभयो, "तर यसपाली असिनाले सबै किसानको बारीमा आलुको दाना लाग्नै पाएको छैन, लागेको दाना पनि साना छन्।" असिना पीडित किसानको गुनासो र क्षतिपूर्तिका लागि गाउँपालिकामा पहल गरेको वडा सदस्य पुनले बताउनुभयो। उच्च पहाडी क्षेत्र मङ्गलेखानीको भूगोल र हावापानी अनुकूल भएकाले किसानले आलुलाई मुख्य बालीका रूपमा खेती गर्दै आएका छन्। यहाँका किसानलाई जिल्ला कृषि विकास कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, गाउँपालिकाको कृषि शाखाबाट बीउ, औजार, सिँचाइ र भण्डारगृह निर्माणमा अनुदान सहयोग हुँदै आएको छ।


# सवारी साधन खरीद सम्बन्धी शिलबन्दी आव्हान

दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/२६ गते

श्री महेन्द्र माध्यमिक विद्यालय, पोखरा-२० भलाम कास्कीमा सवारी साधनको आवश्यकता भई खरीद गर्नुपर्ने भएकाले मिति २०८३/०२/१९ गते प्रथम पटक कोटेशन आव्हान गरिएकोमा पर्याप्त कोटेशनहरु नआएको हुँदा पुनः दोस्रो पटक सूचना प्रकाशन गरी कोटेशन आव्हान गरिएको जानकारी गराउँदै तपाईंको प्रतिष्ठित कम्पनीबाट निम्न विवरण अनुसारको सवारी साधनको कोटेशन (मूल्य प्रस्ताव) उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

**आवश्यक सवारी साधनको विवरण**

सवारी साधनको प्रकार : टाटा विङ्गर कम्पनी वा अन्य कुनै (सेकेण्ड हेण्ड)
सिट क्षमताः १४ देखि १८ सिटसम्मको हुनुपर्ने छ।
इन्जिन क्षमता (CC): १८०० देखि २२०० सम्म
इन्धन प्रकारः डिजेल
मोडेल वर्षः २०१४ देखि २०२५ सम्म
अन्य आवश्यक विशेषताहरुः

**कोटेशनमा समावेश गर्नुपर्ने विवरणः**

१. सवारी साधनको कुल मूल्य (करसहित/कर बाहेक स्पष्ट उल्लेख)
२. भ्याट तथा अन्य कर विवरण
३. वारेन्टी अवधि र सेवा सुविधा
४. डेलिभरी समय
५. भुक्तानी शर्त
६. नागरिकताको प्रतिलिपि
७. विलबुकको प्रतिलिपि
८. नवीकरणको विवरण
९. प्रष्ट देखिने सवारी साधानको फोटो
१०. अन्य सुविधा (यदि कुनै भएमा)

**कोटेशन पेश गर्नुपर्ने मितिः** २०८३/०३/०१ गते ठीक ४:०० बजेभित्र यस विद्यालयमा बुझाइ दिनुहुन अनुरोध गरिन्छ।
**कोटेशन खोलिने मितिः** २०८३/०३/०२ गते बिहान ९:०० बजे
**थप जानकारीका लागि सम्पर्क नं.:**
९८४६०६६३०१, ९८५६०३३१६१, ९८४६६०३११०

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की**


# प्रज्वल पौडेल अन्तर्राष्ट्रिय ह्यान्डबल प्रतियोगिताका लागि बंगलादेश जाँदै

पोखरापत्र संवाददाता
पोखरा, २५ जेठ

पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माविका छात्र प्रज्वल पौडेल बङ्गलादेश जाने भएका छन् ।

११ कक्षमा अध्ययनरत पौडले अर्को हप्ता बङ्गलादेशमा आयोजना हुने अन्तराष्ट्रिय ह्यान्डबलमहासंघद्धाराआयोजना गरिने इन्टरनेश्नल ह्यान्डबल फेडेरेशन ट्रफि (आइ एच एफ) ट्रफि नेपालको प्रतिनिधित्व गदै बङ्गलादेश जान लागेको विद्यालयका अतिरिक्त क्रियाकलाप निर्देशक तेजबहादुर गुरुङले जानकारी दिए ।

बङ्गलादेश जान लागेका पौडेललाई सोमबार बिद्यालयले एक कार्यक्रमका बिच बिदाइ गरेको छ। पौडेललाई विद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठ, अतिरिक्त क्रियाकलाप निर्देशक गुरुङ, प्रशासक चित्र गुरुङ, एकेडेमिक हेड सेजल बिजुक्छे लगाएतले बिदाइ गरेका हुन् । गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्ष देखि म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट, माउंटेनियरिंङ र कम्प्युटर साइन्सको बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ।



# मोतीविन्दुको निःशुल्क शल्यक्रियाबाट ८५ जनाले पाए नयाँ दृष्टि

पोखरापत्र संवाददाता
गोरखा, २५ जेठ

गोरखाको आरुघाटमा गाउँपालिकास्थित आरुघाट आधारभूत अस्पतालमा सञ्चालित मोतीविन्दुको निःशुल्क शल्यक्रिया शिविरबाट ८५ जना लाभन्वित भएका छन् ।

आरुघाट गाउँपालिकाको आयोजना तथा हिमालयन आँखा अस्पताल पोखरा, गोरखा लायन्स आँखा सेवा केन्द्र र आइकेयरको प्राविधिक सहयोगमा शिविर सञ्चालन भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमसेन श्रेष्ठले जानकारी दिनुभयो ।

दुईदिनसम्म सञ्चालन भएको शिविरमा आँखा जाँचका लागि आएकाहरूको आँखाको स्क्रिनिङ जाँच र शल्यक्रिया गरिएको उहाँले बताउनुभयो । हिमालय आँखा अस्पताल पोखराका नेत्ररोग विशेषज्ञ डा कृष्ण गुरुङको नेतृत्वमा रहेको चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीले शिविरमा उपचार सेवा प्रदान गरेका थिए ।

उक्त शिविरबाट विपन्न तथा दुर्गम क्षेत्रका नागरिकलाई आफ्नै घरदैलोमा आँखाको गुणस्तरीय उपचार सेवा पुऱ्याउन सहज भएको गाउँपालिकाले जनाएको छ । समयदेखि आँखाको समस्या झेल्दै आएका बिरामी निःशुल्क उपचारबाट आँखा देख्नसक्ने भएपछि खुसी भएका छन् ।


# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, काशीखोला बसपार्कमा ट्रस तथा शौचालय निर्माण योजना गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको  जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः काशीखोला बसपार्कमा ट्रस तथा शौचालय निर्माण योजना
ठेगानाः पोखरा-१४, शिवमार्ग 'क' टोल
योजना सम्झौता मिति : २०८२/१२/०८ गते
योजना सुरु मितिः २०८२/१२/१० गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/१३ गते
योजनाको कुल लागतः रु. ४,२३,६६३.३५
महानगरपालिकाबाटः रु. ३,८०,०००।-
जनसहभागिताबाटः रु. ४३,६६३.३५
उपभोक्ता समिति अध्यक्षः बल बहादुर मगर
सम्पर्क नं.: ९८१९१९००४४
उपभोक्ता समिति सदस्यः ११ जना महिलाः ५  पुरुषः ६ जना

**काशीखोला बसपार्कमा ट्रस तथा शौचालय निर्माण योजना उपभोक्ता समिति पोखरा-१४**



# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

**Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited**

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
**कर्पोरेट कार्यालयः महालक्ष्मी-४, इमाडोल, ललितपुर, फोन नं.: ०१-५९१२७५२**
**Website : www.swmfi.com.np**
को

# संस्थापक शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना !

सूचना प्रकाशित मिति २०८३/०२/२६ गते

सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेडका तपसिलमा उल्लेखित संस्थापक समूहका शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्नका लागि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम रित पुऱ्याई बिक्री गर्न प्रक्रिया अगाडि वढाउन यस वित्तीय संस्थाको सञ्चालक समितिबाट निर्णय भएकोले संस्थाका संस्थापक शेयरधनीलाई नै उक्त संस्थापक शेयर खरिद गर्न प्राथमिकता दिनुपर्ने व्यवस्था भए बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई यस संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको कर्पोरेट कार्यालय महालक्ष्मी-०४, ललितपुर वा शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड काठमाण्डौं-१, नागपोखरी नक्सालमा आफूले खरिद गर्ने शेयर कित्ता संख्याको व्यहोरा खुलाई निवेदन दिनुहुन सूचित गरिन्छ। संस्थापक शेयर खरिद गरी लिने, सम्बन्धमा तोकिएको उक्त म्याद भित्र हाल कायम संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार संस्थापक शेयरधनी वाहेकका अन्य व्यक्ति वा संस्थालाई शेयर बिक्रीका लागि आवश्यक कारवाही अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | शेयरधनीको नाम, ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|
| १. | इन्द्र बहादुर गोदार<br>पुतलीबजार-०५, स्याङ्जा | ७४९८ कित्ता<br>(सात हजार चार सय अन्ठानब्बे मात्र) |

# शान्ति निकेतनमा विद्यार्थीलाई स्वागत र अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, २५ जेठ

एसइईमा वर्षेनी उत्कृष्ट नतिजा ल्याउँदै पोखरामा अब्बल विद्यालय शान्ति निकेतन स्कुलले कक्षा ११ मा पठनपाठन सुरू गरेको छ।

यसै शैक्षिक सत्रदेखि विज्ञान र व्यवस्थापन संकायमा पठनपाठन सुरु गरेको हो । पोखरा-५, पर्स्याङ्मा अत्याधुनिक सुविधासम्पन्न भवन निर्माण गरेको शान्ति निकेतनमा पहिलो वर्ष नै १२० जना विद्यार्थी भर्ना भएका छन्। विज्ञान संकायतर्फ ८० जना र व्यवस्थापनतर्फ ४० जना सीट छुट्याइएकोमा लक्ष्य अनुरुप उच्चतम् ४ जीपीए प्राप्त गरेकासहित स्तरीय विद्यार्थी भर्ना भएको संस्थापक प्राचार्य डा. महेश्वर पराजुलीले जानकारी दिए। विज्ञान विषय प्रातः र दिवा तथा व्यवस्थापनका कक्षा दिवा सत्रमा हुने गरी व्यवस्थापन मिलाइएको स्कुलले जनाएको छ । निकट भविष्यमै मानविकी लगायतका संकाय थप गरिने योजना बनाएको छ । स्कुलले नवआगन्तुक विद्यार्थीलाई सपथ खुवाउँदै स्वागत तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । सोमबार आयोजित कार्यक्रममा प्रमुख अतिथि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निवर्तमान उपकुलपति प्रा.डा. भरत बहादुर खत्रीले विद्यार्थीका लागि इमान्दारिता र मेहनत अपरिहार्य रहेको बताए । 'जीवनमा के बन्ने ? भन्ने




लक्ष्य निर्धारण गर्नुपर्दछ । त्यसमा सफल हुनका लागि मेहनत अत्यन्त जरुरी छ । इमान्दार बन्ने, मेहनत गर्ने, जिन्दगीमा सफल हुने । यही मुलमन्त्रका साथ अघि बढ्नुपर्छ ।' - प्रा.डा. खत्रीले भने । जुनै विषय लिएर पढेपनि उत्कृष्ट बन्न सके त्यस क्षेत्रमा सफल हुने डा. खत्रीले बताए । पोखरा महानगरपालिका शिक्षा महाशाखाका वरिष्ठ अधिकृत सोम भण्डारीले शान्ति निकेतन स्कुलको गतिविधिलाई नजिकबाट नियालिरहेको बताउँदै पोखराभित्रका विद्यालयमध्ये उत्कृष्ट नतिजाका कारण अग्रणी स्थानमा रहेको बताए। 'शान्ति निकेतनले एसइईसम्म हाँसिल गरेको उपलब्धिलाई कक्षा ११ र १२ मा पनि निरन्तरता दिनेमा पूर्ण विश्वास छ।' भण्डारीले भने । शान्ति निकेतनका संस्थापक प्राचार्य डा. महेश्वर पराजुलीले अत्याधुनिक भौतिक संरचनाभित्र रहेर नवीनतम् प्रविधिको प्रयोगमा जोड दिँदै स्तरीय शैक्षिक सेवा प्रदान गरिने बताए । आफ्नो गौरवमय इतिहास र विरासतलाई निरन्तरता दिँदै समावेशी, समतामूलक समाज निर्माणमा विद्यार्थी केन्द्रित शिक्षा प्रणालीमा विश्वास राख्ने उनको भनाई छ । स्कुलका बोर्ड अफ डाइरेक्टर किरण सापकोटाले शान्ति निकेतनको गरिमालाई अझै प्रतिष्ठित बनाउने गरी मेहनत गर्न विद्यार्थीलाई उत्प्रेरित गरे। 'पहिलो ब्याचका विद्यार्थी बन्नु सौभाग्यशाली क्षण हो । विद्यार्थीले यो दुई वर्ष निकै मेहनत गरेर पढाईमा ध्यान दिनुपर्नेछ।' सापकोटाले भने - 'सपनाको विजारोपण गरेको पहिलो वर्ष नै यति धेरै माया, विश्वासका साथ अभिभावकहरूले छोराछोरी पठाउनुभएको छ। विद्यार्थीले शान्ति निकेतन रोजाईमा पारेका छन् । यो खुशीको विषय हो ।'

गण्डकी बोर्डिङ स्कुलका पूर्व प्राचार्य रबि बरालले शान्ति निकेतन स्कुलले पोखराको शैक्षिक इतिहासमा महत्वपूर्ण स्थान बनाएको उल्लेख गर्दै शैक्षिक प्रगतिको कामना गरे। अभिभावकका तर्फबाट डिज्नील्याण्ड स्कुलका संस्थापक प्राचार्य नरेशप्रसाद बरालले प्रत्येक वर्ष एसइईको नतिजाले अब्बल शैक्षिक संस्थाका रुपमा आफूलाई उभ्याएको हुनाले नै आगामी दिनमा उस्तै नतिजाको अपेक्षाका साथ आफ्नी छोरीलाई शान्ति निकेतनमा भर्ना गरेको बताए।

शान्ति निकेतन स्कुलबाटै उच्चतम् ४ जीपीए ल्याएर स्कुललाई निरन्तरता दिएका सखिम भण्डारीले विद्यालयको शैक्षिक वातावरण, शिक्षकको माया र प्रेरणा तथा अब झनै सुविधासम्पन्न भौतिक संरचनाका कारण स्कुल छाड्न नसकेको बताए । उनलाई सो अवसरमा सम्मान पनि गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णमणि भुर्त्यालको अध्यक्षतामा भएको कार्यक्रममा सहप्राचार्य यदुविलास भुर्त्यालले स्वागत र परीक्षा विभाग प्रमुख हेम सुवेदीले कार्यक्रमको सञ्चालन गरेका थिए । यस्तै, अहिलेकी चर्चित लोकदोहोरी गायिका शान्ति श्री परियारले शान्ति निकेतनका नवआगन्तुक विद्यार्थीलाई भरपूर मनोरञ्जन प्रदान गरिन् । उनले आफ्ना हिटगीत मार्फत् विद्यार्थी र अभिभावकलाई छमछमी नचाइन् ।

# 'विदेश जाने सपना टुटे पनि गोठबाट स्वदेशमै सफलता मिल्यो'

पोखरापत्र संवाददाता
म्याग्दी, २५ जेठ

म्याग्दीको मङ्गला गाउँपालिका-२ ताराखेतका थमप्रसाद पौडेलको घरमा दैनिकजसो दूध-दही किन्न आउने ग्राहकको भीड लाग्छ । बेनी-जोमसोम सडकसँगै रहेको उहाँको घरअगाडि बस, जिप, ट्रक र मोटरसाइकल रोकिन्छन् र यात्रुहरू दही तथा दूध किनेर लैजान्छन् ।

आज सफल भैँसीपालक उद्यमीका रूपमा परिचित ५१ वर्षीय पौडेलले दुई दशकअघि भने वैदेशिक रोजगारीको सपना पछ्याउँदा ठूलो आर्थिक क्षति बेहोर्नुपरेको थियो । विसं २०६३ मा अफगानिस्तान जान दलाललाई ऋण खोजेर दिएको रु तीन लाख डुब्यो, उहाँको विदेश जाने सपना पनि अधुरै रह्यो ।

"पैसा फस्यो, विदेश जाने सपना पनि टुट्यो," उहाँ सम्झिनुहुन्छ, "त्यसपछि वैदेशिक रोजगारीको सोच त्यागेर भैँसीपालन र तरकारीखेती सुरु गरेँ ।" ऋणको भारी र परिवारको जिम्मेवारीका बीच दुईवटा भैँसीबाट सुरुगरेको व्यवसाय हाल व्यवस्थित फार्मको रूप विकास भएको छ । हाल पौडेलको गोठमा आठवटा भैँसी छन्। परिवारका दुई सदस्यसँगै एक जनालाई नियमित रोजगारी दिनुभएको छ ।

विसं २०७३ मा 'पौडेल भैँसीपालन फर्म' स्थापना गरेर सुरु गरिएको व्यवसाय हाल जिल्लाकै सफल उद्यमका रूपमा चिनिन थालेको छ । पौडेलले दुई रोपनी क्षेत्रफलमा तरकारीखेती पनि गरिरहनुभएको छ । भैँसीपालन र तरकारीखेती एकअर्काका पूरक जस्तै भएकाले यसतर्फ लागेको उहाँको भनाइ छ । "गोठबाट निस्कने मल बारीमा प्रयोग हुन्छ भने तरकारीबाट अतिरिक्त आम्दानी भइरहेको छ । तरकारीसँगै खेरजाने पातपङ्गिर भैँसीको आहारमा पनि प्रयो हुन्छ । यसले दुवै व्यवसाय सँगसँगै अगाडि बढाउन सहज भएको छ", पौडेलले राससँग भन्नुभयो । हाल उहाँको फार्मबाट दैनिक ५० देखि ६० लिटर दूध उत्पादन हुन्छ ।

त्यसमध्ये करिब ४० लिटर दूधबाट दही बनाइन्छ भने बाँकी दूध नियमित ग्राहकलाई बिक्री गरिन्छ । "दिउँसो १२-१ बजेसम्म दही सकिन्छ । माग धेरै छ, धान्न गाह्रो भइरहेको छ । काठको ठेकीमा जमाइएको दहीको शुद्धता र परम्परागत स्वादले उपभोक्ताको मन जितेको छ", पौडेल भन्नुहुन्छ, "एकपटक स्वाद लिएका ग्राहक फेरि फर्केर आउने गरेका छन् । बजारीकरणका



लागि प्रचारप्रसार पनि गर्नुपरेको छैन ।" उहाँ ग्राहकको मन जितेमा सफलताका लागि अर्को कुनै उपाय गर्नुनपर्ने बताउनुहुन्छ। "ठूलो विज्ञापन केही गरिएको छैन", पौडेलले भन्नुभयो, "ग्राहकको सन्तुष्टि र सकारात्मक प्रतिक्रियाले नै व्यवसाय विस्तार भएको हो ।" बेनी-दरबाङ-मुना-ढोरपाटन सडकमा यात्रा गर्ने यात्रुहरू उहाँका मुख्य ग्राहक हुन् । पहिले दूध बिक्रीका लागि घर-घर पुग्नुपर्ने अवस्था रहे पनि अहिले ग्राहक आफैँ फार्मसम्म पुग्ने गरेका छन् । दूध, दही र तरकारी बिक्रीबाट मासिक रु ५० हजारभन्दा बढी बचत हुने गरेको पौडेल बताउनुहुन्छ । यही आम्दानीबाट वैदेशिक रोजगारीका लागि लिएको ऋण तिर्नुका साथै चार सन्तानलाई स्नातक तहसम्म अध्ययन गराएको उहाँले जानकारी दिनुभयो ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र गाउँपालिकाको प्राविधिक सहयोगले व्यवसाय विस्तार गर्न सहज भएको उहाँको भनाइ छ । पशुमा रोग लाग्ने जोखिम र बाँदरले तरकारीखेतीमा पुर्‍याउने क्षति भने अझै चुनौतीका रूपमा रहेका छन् ।

विदेश जाने सपना अधुरै रहे पनि पौडेलले त्यसलाई निराशाको कारण बन्न दिनुभएन । बरु त्यही असफलतालाई अवसरमा रूपान्तरण गर्दै स्वदेशमै उद्यम गरेर आत्मनिर्भर बन्न सफल हुनुभयो । "सपना विदेशमै खोज्नुपर्छ भन्ने छैन," उहाँ भन्नुहुन्छ, "मेहनत र धैर्य भए आफ्नै गाउँको गोठबाट पनि सफलता हासिल गर्न सकिन्छ ।"

एकाउन्न वर्षीय पौडेलको कथा सङ्घर्ष, धैर्य र स्वदेशमै सम्भावना खोज्ने प्रेरणादायी उदाहरण बनेको छ । मङ्गला गाउँपालिका-५ गहतेका खिमलाल आचार्य पौडेलको सफलताले अन्यलाई पनि स्वदेशमै काम गर्न प्रेरणा मिलिरहेको बताउनुहुन्छ । स्थानीय फडिन्द्र शर्मा पनि पनि धैर्यता र लगन भएमा एउटा बाटो रोकिए पनि अन्य थुप्रै अवसर खुल्छ भन्ने उदाहरणका रूपमा पौडेललाई दिने गरिएको बताउनुहुन्छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१, को चिलाउने (मगर टोल) मा भएको चिलाउनेखर्क खानेपानी योजनाको आम्दानी तथा खर्च निम्न बमोजिम भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः चिलाउनेखर्क खानेपानी योजना
ठेगानाः पोखरा-२१
योजना सम्झौता मितिः २०८२/१०/६ गते
योजना सुरु मितिः २०८२/१०/०७ गते
योजना सम्पन्न हुने मितिः २०८२/११/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/११/३० गते
योजनाको कूल लागतः रु. ५,५७,१९७.३९।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५७,१९७.३९।-
उपभोक्ता समिति अध्यक्षः रुद्र बहादुर राना मगर
सम्पर्क नं.: ९८४४९२१७५७
उपभोक्ता समिति सदस्यः १० जना, महिला : ४, पुरुषः ६ जना

**चिलाउनेखर्क खानेपानी योजना**
**पोखरा-२१, चिलाउनेखर्क**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २६, रिठेपानी सितलमार्ग सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः रिठेपानी सितलमार्ग सडक स्तरोन्नति समिति
ठेगानाः पोखरा-२६
योजना सुरु मितिः २०८३/०१/३० गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१० गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/२५ गते
योजनाको कूल लागतः रु. ११,११,५६०.६२
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,५६०.६२
उपभोक्ता समिति अध्यक्षः कमल बहादुर कार्की
सम्पर्क नं.: ९८१९९२९०४३
उपभोक्ता समिति सदस्यः ७ जना
महिलाः ६ पुरुषः १ जना

**रिठेपानी सितलमार्ग सडक स्तरोन्नति समिति**
**पोखरा-२६, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २५ सम्मीबोट गैरी देखि लाम्पाटा जाने सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : सम्मीबोट गैरी देखि लाम्पाटा जाने सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : सम्मीबोट गैरी देखि लाम्पाटा जाने सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२५, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः रमेश थापा**
**सम्पर्क नं : ९८५६०२६४२१**
**जम्मा सदस्य संख्या : ८**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/१२/०९**
**योजना सुरु मिति : २०८२/१२/१०**
**योजना सम्पन्न हुने मिति : २०८३/०१/१५**
**सम्पन्न भएको मितिः २०८३/०१/१५**
**महानगरपालिकाबाट : रु. ६,००,०००/-**
**जनसहभागिता : रु. ६६,९५१/२०**
**योजनाको कुल लागत : रु. ६,६६,९५१/२०**

## खाद्यान्न खरिदको लागि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०२/२६ गते (पोखरापत्र राष्ट्रिय दैनिक)**

श्री सहिद स्मृति आवासीय मा. वि पोखरा-१४ मझेरीपाटन कास्कीमा अध्यनरत आवासीय विद्यार्थीहरु र कर्मचारीका लागि आ.व. २०८३/०८४ मा आवश्यक खाद्यान्न (बोलपत्र फारममा उल्लेखित खाद्य सामाग्रीहरु) खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी, एजेन्ट, सप्लायर्स र अधिकृत विक्रेताहरुबाट तपशिलका शर्तहरुको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको १२:०० बजे भित्र श्री सहिद स्मृति आवासीय मा.वि. पोखरा-१४ कास्कीमा आइपुग्ने गरी पेश गर्न यो बोलपत्र आह्वान गरिएको छ।

| क्र.सं. | प्याकेज नम्बर | आवश्यक सामाग्री आइटमको विवरण | अनुमानित रकम | बोलपत्र जमानत | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. १ | खाद्यान्न, सरसफाई र दाउरा | ६४,०७,३५०।- | ९६,११०।- | |
| २ | श्री सहिद स्मृति आवासीय मा.वि. प्याकेज नं. २ | हरियो तरकारी, आलु, प्याज र फलफूल | २२,१३,७००।- | ३३,२०५।- | |

**तपशिल**

१) यो बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म सामान आपूर्ति सम्बन्धी बोलपत्र फारम वापत रु ३,०००। (फिर्ता नहुने गरी) यस विद्यालयको अमरसिंह शाखामा रहेको रा.बा.बैंकको चल्ती खाता नम्बर ३४८०१०००१०७१३००१ मा बुझाएको सक्कल भौचर, बोलपत्र खरिद गर्नका लागि निवेदन र फर्म वा कम्पनीको इजाजत पत्र, स्थायी लेखा नम्बर, २० लाख भन्दा बढीको कारोबारमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व ०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई साथमा लिई आउनुपर्नेछ।
२) बोलपत्र खरिद गर्न बोलपत्रदाता स्वयम् उपस्थित हुन नसकेमा मञ्जुरी नामाबाट पनि खरिद गर्न सकिने छ। तर त्यस्तो मञ्जुरीनामा (निवेदन) एक फर्म एक व्यक्तिलाई मात्र मान्य हुनेछ।
३) खरिद गरिएको बोलपत्रका महलहरु भरी प्रत्येक पानामा सहिछाप गरी ३०औं दिनको १२:०० बजेभित्र वा सो दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिनको १२:०० बजेभित्र यस विद्यालयको प्रशासन शाखामा आई बोलपत्र दर्ता गराउन सकिने छ। यसरी दर्ता हुन आएको बोलपत्रहरु सोही दिन, दिनको २:०० बजे विद्यालयमा बोलपत्रदाता वा निजका प्रतितिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधिहरु उक्त दिन र समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
४) बोलपत्र पेश गर्दा बोलपत्र जमानत बापतको रकम माथि तपशिल तालिकामा देहायबमोजिम श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालयको राष्ट्रिय वाणिज्य बैंक अमरसिंहचोक शाखामा प्रकरण १ मा उल्लेख भएको खाता नम्बरमा जम्मा गरी सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ, अथवा उक्त रकम स्वीकृत प्राप्त राष्ट्रिय वाणिज्य बैंकबाट कम्तीमा १२० दिन म्याद भएको शर्त रहित बैंक जमानी पत्र (बिड बण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ।
५) दर्ता गर्न ल्याउदा बोलपत्रको खामको शिरमा "बोलपत्र पेश गर्न चाहेको सामानको नामको बोलपत्र" भनी लेखी बोलपत्रदाताको नाम, ठेगाना र फोन नम्बर समेत प्रस्ट सँग लेखी लाहा छाप लगाइ विद्यालयमा बझाउनुपर्ने छ।
६) बोलपत्रदाताले आफुले कबुल गरेका दररेट अंक र अक्षरमा केरमेर नगरी प्रस्टसँग लेखेको हुनुपर्ने छ। अंक र अक्षरमा फरक पर्न गएमा अंकलाई मान्यता दिइने छ।
७) नेपाल सरकारलाई तिर्नुपर्ने सबै प्रकारका कर बोलपत्रदाता स्वंयले तिर्नुपर्ने छ। बोलपत्र सम्बन्धी अन्य सर्त तथा विवरणहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।
८) आपूर्ति गर्ने सामान गुणस्तरयुक्त भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गराइनेछ। बोलपत्र फारममा उल्लेखित सबै सामाग्रीको दररेट भरि पेश गर्नुपर्नेछ।
९) बोलपत्र पेश कुनै एक मात्र प्याकेजको पनि पेश गर्न सकिनेछ।
१०) बोलपत्र पेश गर्ने कम्पनी, फर्म वा एजेण्टले आफुले आपुर्ति गर्नुपर्ने सामान श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय पोखरा-१४ मझेरीपाटन कास्कीमा नै आपूर्ति गर्नुपर्नेछ।
११) बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याट समावेश भए नभएको स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ।
१२) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा सुरक्षित रहने छ। रीत नपुगेको, म्याद नाघी आएको र शर्त राखिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१३) बोलपत्रमा उल्लेखित ब्रान्ड अनुसारको सामान नै आपूर्तिकर्ताले आपूर्ति गर्नुपर्ने छ। सोदेखि बाहेक अन्य सामान आपूर्ति गरेमा त्यसको भुक्तानी गर्न विद्यालय बाध्य हुने छैन।
१४) बोलपत्र फाराममा उल्लेखीत परिमाणमा २० प्रतिशत थपघट हुन सक्नेछ।
१५) बोलपत्र पेश गर्दा बोलपत्रदाताले कालो सूचीमा नपरेको स्वयम् घोषणा समेत पेश गर्नुपर्नेछ।
१६) यस सूचनामा उल्लेख हुन बाँकीको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**विस्तृत जानकारीका लागि सम्पर्कः**
**श्री सहिद स्मृति आवासीय माध्यमिक विद्यालय**
**पोखरा-१४, कास्की**
**सम्पर्क नं. ९८४६१४७६३६, ९८६६०१०४३६**